सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश

**आज मिति २०७८ साल असोज १४ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा १०५ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।**

<u>तपशिल</u>

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री ~~जयसम रेग्मी~~ देवराज गुरूङ | वडा अध्यक्ष वडा नं ७ (का.वा.) | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | दिबाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

जनकराज मिश्र
प्रमुख

नगर-कार्यपालिकाको मिति २०७८/०६/१४ गतेको १०५ औ बैठकको निर्णयहरु

१. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको प्राविधिक र आर्थिक सहयोगमा उक्त कार्यालयबाट खटाइएका परामर्शदाताद्वय डा. कृष्ण बहादुर राइ र श्री कृष्ण प्रसाद अधिकारीको संलग्नतामा यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणबाट प्राप्त भएको देहाय अनुसारको अंकलाई अनुमोदन गर्ने र प्रतिवेदनमा प्राप्त सुझावहरु यसै आ.ब.मा कार्यान्वयन प्रारम्भ गर्ने निर्णय गरियो ।

देहाय :

| क्र सं. | क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति, कानून र योजना | २० | ६.५ |
| २ | संस्थागत ब्यबस्था | २० | ११.५ |
| ३ | मानव संसाधन र क्षमता विकास | २० | १२ |
| ४ | सेवा प्रवाह | २० | १३ |
| ५ | सुशासन र उत्तरदायित्व | २० | ५ |
| | जम्मा | १०० | ४५.५ |

२. यस नगरपालिका वडा नं. ३ चन्द्रेश्वरमा प्रहरी चौकीका लागि जग्गा प्राप्तीमा लाग्ने रकम अनुदानका रुपमा सम्वन्धित प्रहरी कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

३. यस नगरपालिका र श्री सामुदायिक विकास केन्द्र, लमजुङ विच मिति २०७५/११/०६ मा सम्झौता भएको तथा पछिलो पटक मिति २०७७/११/२१ मा मिति २०७८ असार मसान्तसम्म म्याद थप गरी सो संस्थाले यस नगरपालिकामा निर्माण गरिने १२० मीटर सम्मको झोलुङ्गे पुल निर्माणमा सामाजिक तथा प्राविधिक सेवा प्रदान गर्दै आएकोमा हाल सो सम्झौताको म्याद समाप्त भएको हुनाले त्यस संस्थाले यस आ.ब.मा पनि झोलुङ्गे पुल निर्माणका कार्यक्रममा सेवा प्रदान गर्नका लागि सम्झौताको म्याद थप गरिदिन निबेदन प्राप्त भएकोले यस आ.ब. का लीग सो संस्थासँगको सम्झौतामा म्याद थप गर्ने निर्णय गरियो ।

४. लमजुङ जिल्ला अदालत, बेशिसहर, लमजुङको प.सं ०७८/०७९, च.नं. १५७ मिति २०७८/५/९ को जानकारी पत्रअनुसार प्र.ना.नि. नारायण प्रसाद पौडेल समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नामथर २०७८/०७९-३८(A) बहादुर भएको जबरजस्ती करणी मुद्धामा मिति २०७८/५/२मा उक्त अदालतबाट भएको आदेशअनुसार पिडीत परिवर्तित नामथर २०७८/०७९-३८(३) लाई मुद्धाको टुङ्गो नलागेसम्म मुलुकी अपराध संहिता २०७४ को दफा २२८ बमोजिम मासिक रु १०,०००।- (अक्षरेपी दश हजार रुपैया मात्र ) उपलब्ध गराईदिनका लागि सम्मानित

जनकराज मिश्र
प्रमुख

जिल्ला अदालत लमजुङ, बेशिसहरको मिति २०७८/०५/१२मा यस नगरपालिकाका नाममा भएको आदेश बमोजिम निज पिडीतलाई मुद्धाको टुङ्गो नलागेसम्मका लागि मासिक रुपमा आर्थिक सहायता शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

५. यस नगरपालिका वडा नं. ७ पाँउदी बजार उपल्लो बगैचाको कि नं. १५६, १५७ र २९९ मा प्रहरी चौकी भवन निर्माणका सम्वन्धमा मिति २०७८/०५/१७ गतेको यस नगरकार्यपालिकाको १०४औ बैठकको निर्णय नं. ५ मा निर्णय भएकोमा सो भवन निर्माणका क्रममा आवत जावत गर्ने बाटो उल्लेख नभएकोमा सो क्षेत्रका २४ जना निवेदकहरुको भावनालाई समेत सम्बोधन हुने गरी कित्ता नं. १५६, १५७ र २९९ को जग्गाबाट स्थानीय वासीलाई आवत जावत गर्न बाटो छोडी बाँकी रहेको जग्गाको क्षेत्रफल मध्ये १५६ र १५७ को पुरै क्षेत्रफल र कित्ता नं. २९९ को आधा क्षेत्रफलको जग्गा प्रहरी चौकी भवन निर्माणका लागि उपलब्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

६. पेश्की फर्स्यौट सम्वन्धमा

(क) आ. ब. २०७५/०७६ मा वडा नं. ३ का वडाअध्यक्ष श्री अमृत न्यौपानेले" विज्ञ सम्मेलन : सुन्दरबजार नगरपालिका र विकास" बिषयको कार्यक्रम संचालनार्थ लिएको रु ४,५०,०००।-( अक्षरेपी चार लाख पचास हजार मात्र) पेश्की निज वडाअध्यक्षले निम्न अनुसारको शिर्षकमा खर्च भएको व्यहोरा बमोजिम उक्त खर्च यथार्थ रहेको हुँदा पेश्की फर्स्यौट गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निम्नानुसार :

१) स्टेशनरी (सन्देश पुस्तक पसल रु ३५९५।-

२) किरान ( सरिता थापा किराना पसल ) रु १४१०।-

३) स्टेशनरी (सप्तरंगी पब्लिसिटी ) रु ४६००।-

४) भिडियोग्राफी (सम्राट मुभिज ) रु १५०००।-

५) स्टेशनरी ( श्री बुक्स एण्ड स्टेशनरी ) रु १७०।-

६) स्टेशनरी/ संचार ( नोबेल बुक्स स्टेशनरी ) रु ३०००।-

७) स्टेशनरी/अथिति सत्कार (मालिका डिजिटल फोटो ) रु १९९८०।-

८) स्टेशनरी ( नेपाल बुक्स स्टेशनरी ) रु १५५०।-

९) स्टेशनरी ( आर वि फोटो स्टुडियो ) रु १५०१।-

१०) गाडी रिजर्भ ३ दिनको लागि (कर कट्टी गरी खर्च ) ४०५००।-

११) आयोजक/अतिथि खाना आवास खर्च

क.लमजुङ गेष्ट हाउस रु ५४३६५।-

ख.भैरवीनाथ भोजनालय रु ८२२०।-

ग. होटल देउराली लुम्विनी रु १९४५५।-

घ.हाईवे चुल्हो रेष्ट्रेरेन्ट रु ७६४०।-

ङ.बुटबल पोखरा गेष्ट हाउस रु ३९,४४०।-

जनकराज मिश्र
प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश

१२) आयोजक/अतिथि/सहभागी कार्यक्रममा ( खाना, खाजा, चियापान खर्च ) स्काई रेष्ट्रो एण्ड बैक्वेट्स रु १,२५,३५६.५५।-
१३) कार्यक्रमको कूल खर्च = ३,४५,७८२.५५
१४) राजश्व दाखिला अग्रिम आयकर रु ४,५००।-
१५) राजश्व दाखिला ( वहाल कर, सवारी कर ) रु ४,५००।-
१६) बैकमा नगद दाखिला ( सुन्दरबजार न.पा. चालू ) १,१०,०००।-

(ख) आ.ब. २०७६/०७७ मा नगरपालिकाका प्रमुख श्री जनकराज मिश्रले कोभिडको समयमा दीर्घरोगी तथा असाहय रोगीको लागि आवश्यक औषधी खरीद गरी वितरणको लागि लिनुभएको पेश्की रकम रु २,००,०००।-(अक्षरेपी दुई लाख रुपैया मात्र ) औषधी खरीद गर्दा सम्पुर्ण विल नगरपालिकाको नाममा जारी गर्नुपर्नेमा भूलबश सम्वन्धीत विरामी व्यक्तिहरुको नाममा जारी भएको तपशिलका विल बमोजिमको रकम रु २,००,०००।-( अक्षरेपी दुई लाख रुपैया मात्र ) फर्स्यौट गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र सं. | मिति | इन्भोईस नं. /विल | ठेगाना | रकम (रु) |
|---|---|---|---|---|
| १ | २०७७/०१/१४ | बिभिन्न व्यक्तिको नाममा | | ५८७६७/- |
| २ | २०७७/०१/१७ | ०००९६१८ | सुन्दरबजार-०३ | ६०००/- |
| ३ | २०७७०१/१७ | ३५६ | सुन्दरबजार नगरपालिका | १०,०००/- |
| ४ | २०७७/०१/१८ | ३९१ | सुन्दरबजार नगरपालिका | ३७८००/- |
| ५ | २०७७/२/१९ | ००१०२६८ | सुन्दरबजार-०३ | ६६,३९०/- |
| ६ | २०७७/०२/२० | १६७४ | सुन्दरबजार-०३ | ४२९०/- |
| ७ | २०७७/०२/२० | १६७५ | सुन्दरबजार-०३ | ६४१५/- |
| ८ | बिभिन्न मितिमा काटिएका विभिन्न व्यक्तिका नाममा | | | १०,३३८/- |
| | | जम्मा | | २,००,०००. |

(ग) आ.व. २०७४/०७५ मा वडा नं. ४ का वडा अध्यक्ष श्री कृष्ण राज खनियाले १ घर १ टनेल कार्यक्रमका लागि लिएको पेश्की रकम रु ३,००,०००।-(अक्षरेपी तीन लाख मात्र ) निम्न अनुसारको शिर्षकमा खर्च भएको व्यहोरा बमोजिम उक्त खर्च यथार्थ रहेको हुँदा पेश्की फर्स्यौट गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निम्नानुसार :

१) सिम्पोलिन प्लास्टिक टनेल खरीद रु ३,४०,०००।-( ५०% अनुदान )
२) स्पेयर माल्टोज भिटामिन गोलभेडा रु ३६,०००।-
३) तालिम संचालन यातायात खर्च रु ३०,०००।-
४) प्रशिक्षक खर्च रु ८०००।-
५) गाडी भाडा रु १५,०००।-

जनकराज मिश्र
प्रमुख

६) खाजा खर्च रु २६,०००।-

७) नगद दाखिला रु १५,०००।-

७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ सम्वन्धमा जानकारी प्राप्त भयो । साथै त्यस कार्यविधिमा उल्लेख भएका १० विषयक्षेत्र र सम्वन्धीत विषयका १०० सूचक क्षेत्रका क्रियाकलाप उत्तम तवरले संचालन गर्नका लागि कर्मचारी र जनप्रतिनिधिहरु बिच समन्वय र सहकार्य गर्दै सम्पादन गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्वन्धमा : यस अघि सम्वन्धित पदको स्केल बमोजिम सेवा सुविधा लिईरहेका कर्मचारीहरुको हकमा २०७८ साउन १ गतेदेखि लागु हुने गरी संघीय सरकारको बजेटमा व्यबस्था भए बमोजिम रु २,०००।-( अक्षरेपी दुई हजार रुपैया मात्र ) का दरले थप गर्ने, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक रु १५,०००।-( अक्षरेपी पन्ध्र हजार रुपैया मात्र ) भन्दा कम सेवा सुविधा लिएका कर्मचारीको हकमा सेवा सुविधा बृद्धि गरी मासिक रु १५,०००।-( अक्षरेपी पन्ध्र हजार रुपैया मात्र ) कायम गर्ने, साथै सामाजिक परिचालकहरुको हकमा विगतमा खाईपाई आएको सेवा सुविधामा मासिक रु २,०००।-(अक्षरेपी दुई हजार मात्र ) थप गर्ने निर्णय गरियो ।

९. सुन्दरबजार नगरपालिका गठन हुनुपूर्व तत्कालिन नगरविकास समितिको इजाजत लिई वा नलिई बनेका घरहरु प्रकृया पुरा गरि अभिलेखिकरण गर्नुपर्ने र सो सम्वन्धमा पटक पटक सूचना भई निवेदन समेत संकलन भएको अवस्था विद्यमान रहेकोले घर अभिलेखिकरण सम्वन्धी छुट्टै कार्यविधि निर्माण गरि सोही कार्यविधिले तोकेको मापदण्ड बमोजिम घर अभिलेखिकरण गर्नुपर्ने भएकाले कार्यविधिको मस्यौदा तयार गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१०. साविक सुन्दरबजार नगरविकास समितिबाट तत्कालिन रुपमा घर निर्माणका लागि नक्सा पास गराई घर निर्माण गरेका तर विविध कारणबश घर सम्पन्नको प्रमाणपत्र प्राप्त नगरेका घरहरुको हकमा देहाय बमोजिम गर्ने :

क) राजश्व तिरेका घरहरुको सामान्य शुल्क लिएर घर सम्पन्नताको प्रमाणपत्र प्रदान गर्ने ।

ख) राजश्व नतिरेका घरहरुको हकमा सामान्य शुल्क सहित हालको दररेटको आधारमा हुने राजश्व लिएरमात्र घर सम्पन्नताको प्रमाणपत्र प्रदान गर्ने ।

ग) ड्रईङ डिजाईन समेत पेश भई नक्सा पास भएका घरहरुको हकमा आबश्यक छानविन गरी नियमानुसार सम्पन्नताको प्रमाणपत्र दिने ।

घ) टोपोलोजिकल नक्सा वा नापी नक्सा मात्र भएका घरहरुको हकमा ड्रईङ डिजाईन समेत गराएर नियमानुसार सम्पन्नताको प्रमाणपत्र दिने ।

ङ) एक तलाको राजश्व तिरेको वा आंशिक राजश्व तिरेकाको हकमा बाँकी राजश्व हालको दररेटमा हुने ।

अम्बरराज मिश्र
प्रमुख

११. यस नगरपालिकाभित्र रहेका विभिन्न खोलाहरुमा रहेको नदीजन्य निर्माण सामाग्री ढुङ्गा, बालुवा, गिटी, ग्रावेलको दररेट यस न.पा.को "आर्थिक ऐन २०७८"मा प्रति ट्याक्टर ( २.५ घनमिटर ) को दर रु ५००।- रहेको तर गण्डकी प्रदेशको "आर्थिक ऐन २०७८" सँग यस नगरपालिकाको दररेट बाझिन आएको देखिएकोले माथि उल्लेखित नदीजन्य निर्माण सामाग्रीको दररेट ( प्रति क्यु फिट रु ७ का दरले २.५ घन मिटरको (२.५ × ३५.२९= ८८.२२५ क्यु फिटको रु ७ ले गुणन गर्दा ६१७५७ र यसमा १३ प्रतिशत भ्याट जोड्दा ६९७.८५ हुने हुदाँ प्रदेश सरकारले तोकेको दररेटमा नघट्न् गरी), प्रति ट्याक्टर रु ७००।-(सात सय मात्र) कायम गर्ने र दररेट संसोधन गर्न आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

साथै निजी प्रयोजनका लागि हुने उत्खनन कार्यमा ईन्धन प्रयोग हुने कुनै प्रकारका मेसिनरी सामाग्रीको प्रयोग गर्नमा रोक लगाउने तथा सार्वजनिक प्रकृतिका निर्माणमा मेसिनको प्रयोगमा नगरपालिकाले स्वीकृति प्रदान गर्न सक्ने निर्णय गरियो ।

१२. वर्षायामको निरन्तर झरीका कारणले क्षति भएका स्थानीय सडकहरु मर्मत सम्भारका लागि प्रत्येक वडाहरुले प्राविधिक स्टमेट गराई सो अनुसार उपभोक्ता समिति गठन गरी मर्मत कार्य यथासीघ्र सम्पन्न गर्ने निर्णय गरियो ।

१३. यसै बर्ष आषाढ महिनामा भएको भारी वर्षाका कारण बाढी, पहिरो आई भएको स्थानीय सडक मर्मतका लागि प्रत्येक वडाहरुलाई रु ५०,०००।-(पचास हजार रुपैया मात्र ) भुक्तानी दिने व्यवस्थाका लागि कार्यपालिकामा पेश गर्ने भनी नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम विपद् व्यवस्थापन शीर्षकबाट रकम भुक्तानी दिने मिति २०७८/०४/०७ गतेको १०२ औं कार्यपालिकाको बैठकमा निर्णय भएकोमा वडा नं ६ ले सम्पन्न गरेको बाटो मर्मतका क्रममा ६७,१५०।- (अक्षरेपी सतसठ्ठी हजार एक सय पचास मात्र ) खर्च भएकोले तोकिएको सीमाभन्दा बढी रकम रु १७,१५०।-( सत्र हजार एक सय पचार मात्र ) रकम पनि समावेश गरि जम्मा ६७,१५०।- (अक्षरेपी सतसठ्ठी हजार एक सय पचास मात्र ) भुक्तानी दिने निर्णय गरियो ।

१४. यस नगरपालिका लामागाँउ, ऐसेलुचौर पहिरो र आलेधाराको बाटो मर्मतका क्रममा पहिरो आई पुन मर्मत गर्नुपर्ने अवब्था आई सुरुको ल.ई. भन्दा बढी मूल्याङ्कन भई अपुग हुन आएको रकम रु १,०२,१५५।-(अक्षरेपी एक लाख दुई हजार एक सय पचपन्न मात्र ) अन्य पुर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१५. यस नगरपालिका वडा नं. २ स्थित "ढकाल पधेरो संरक्षण योजना "का लागि वडा नं. २ बाट रु ५०,०००।-( अक्षरेपी पचास हजार मात्र ) विनियोजन भएकोमा नगरपालिकाको तर्फबाट पनि रु ५०,०००।-( अक्षरेपी पचास हजार मात्र ) अन्य पूर्वाधार शिर्षकबाट प्राविधिकको ल.ई अनुसार थप विनियोजन गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

१६. यस नगरपालिका वडा नं. ७ दलित महिला सदस्य श्री देवीमाया दर्जीको औषधी उपचार बापतको खर्च रकम रु ४०,०००।-(अक्षरेपी चालिस हजार मात्र) आर्थिक सहायत शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

जनकराज मिश्र
प्रमुख

१७. आ.ब. २०७७/०७८को वडा नं. ५ को वडा कार्यालय शौचालय निर्माणको कार्यसम्पन्न प्रतिवेदनमा रु १,९०,४४८.३४।-(अक्षरेपी एक लाख नब्बे हजार चार सय अठचालिस रुपैया चौतिस पैसा मात्र) बराबरको कार्यसम्पन्न भएकोमा भूलबश रु ९६,२४०।-( अक्षरेपी छयानब्बे हजार दुई सय चालिस मात्र ) भुक्तानी हुन गएकोमा भुक्तानी हुन बाँकी रकम रु ९४,२०८.३४।-(अक्षरेपी चौरानब्बे हजार दुई सय आठ रुपैया चौतिस पैसा मात्र ) शिबजी कन्ट्रक्सनलाई गत बर्षका भुक्तानी हुन बाँकी शिर्षकबाट भुक्तानी दिने साथै उक्त शिर्षकमा अपुग हुने रकम आन्तरिक श्रोत तर्फ बैंक मौज्दात अ.ल्या. शिर्षकबाट शोधभर्ना गर्ने निर्णय गरियो ।

१८. सुन्दरबजार नगरपालिका वडा नं. ५ निवासी निर बहादुर गरुङलाई टनेल मर्मत राहत स्वरुप रु २५,०००।- (अक्षरेपी पच्चिस हजार मात्र) आर्थिक सहायत शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१९. लमजुङ जिल्ला कारागारमा रहेका कैदीबन्दीहरुलाई दशै मनाउने प्रयोजनका लागि आर्थिक सहायत स्वरुप रु २०,०००।- (अक्षरेपी बीस हजार मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

२०७८।०६।१४
जनकराज मिश्र
प्रमुख